श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. २७६

पुनरावेदन नं. : ०७८-RB-००१३

पुनरावेदन दर्ता मिति २०७८।०४।१४

| | |
|---|---|
| जिल्ला सर्लाही कविलासी न.पा.वडा नं.१० बस्ने राम बन्दन पण्डितको छोरा वर्ष ३७ को विनोद पण्डित..........१<br>ऐ.ऐ बस्ने राम ज्ञान रामको छोरा वर्ष ३७ को अजय कुमार राय..........१ | पुनरावेदक /प्रतिवादी |

**विरूद्ध**

| | |
|---|---|
| स.प्र.नि. श्री संजित कुमार सिंह समेत स.प्र.बल नेपाल जिल्ला सुरक्षा वेश मलंगवा सर्लाही प्रतिवेदनले नेपाल सरकार..........१ | प्रत्यर्थी /वादी |

**मुद्दाः नेपाली नगद रुपैंया भन्सार चोरी पैठारी**

शुरु निर्णय गर्ने अधिकारी : श्री राजेश कुमार दत्त ,

शुरु निर्णय गर्ने कार्यालय :- सर्लाही भन्सार कार्यालय मलंगवा, सर्लाही

शुरु निर्णय मिति : २०७७/१२/२६

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव यादव

विद्वान अधिवक्ता श्री राजन प्रसाद दाहाल

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

सर्लाही भन्सार कार्यालय,मलंगवा सर्लाहीबाट भएको मिति २०७७।१२।२६ को निर्णय उपर चित्त नबुझी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

## संक्षिप्त तथ्य :

१. मिति २०७६।१०।२५ गते अ.१४:४५ बजेको समयमा जिल्ला सर्लाही म.न.पा. वडा नं.९ स्थित लच्का दशगजा क्षेत्रमा भारतबाट अवैध रुपमा लुकाई छिपाई ल्याएको नगद रकम ने. रु.१८,३६,०२५।-,भा.रु.२,२३०।— र प्रयोग गरेको मोबाइल थान-३ बरामद भएको भन्ने वेहोराको सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा बेश मलंगवा सर्लाहीबाट मिति २०७६।१०।२५ गते पेश गरेको बरामदी/खानतलासी मुचुल्का ।

२. मैले सर्लाही जिल्लाको सलिमपुर अगर्खा र मलवाहबाट सहकारी संस्थाको पैसा उठाई सर्लाही जिल्लाकै त्रिभुवननगर र भारतको सोनवर्षा भन्ने ठाँउमा गई नेपाली पैसा उठाई ल्याउने क्रममा पक्राउ परेको हो। मैले उक्त नेपाली पैसा सहारा मल्टिपर्पस सहकारी संस्था मलंगवा सर्लाहीमा लान खोजेको हो।नेपाली रुपैया रु.१३,३४,०००।—(तेह्र लाख चौतिस हजार) र भारतीय रुपैया २२३०।—(बाइस सय तीस) लिएर आएको उक्त पैसा ना.२७ प८२३३ नं.को मोटरसाइकल सहारा मल्टिपर्पस सहकारी संस्थाको पैसा कलेक्सन गर्नको लागि प्रयोग गर्ने गरेको, राष्ट्र बैंकले तोकेको पैसाको सिमा र नियमानुसार उद्घोषण गर्नुपर्ने कुरा पनि थाहा नभएको, म बाट गल्ती भएको भए नियमानुसार कारबाही भोग्न तयार छु भन्ने वेहोराको विनोद पण्डितले मिति २०७६।१०।२८ मा सर्लाही भन्सार कार्यालय मलंगवाका अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

३. सर्लाही जिल्लाको मोहनपुर किसनपुर श्रीनगर (हरकठवा) बाट उखुको पैसा उठाएर मुलाको बिउ किन्न भारतको सोनवर्षा गएर मुलाको बिउ किनेर त्रिभुवननगर हुदै फर्कने क्रममा नेपाली रुपैया ५,०२,०२५।—(पाँच लाख दुई हजार पच्चीस रुपैया) लिएर आउने बेला पक्राउ परेको, म उखु व्यापारी होइन, उखु बेचे वापतको पैसा उठाएको हो।मलाई नियमानुसार नेपाली रुपैयाको उद्घोषण गर्नुपर्ने भन्ने कुरा समेत थाहा नभएकोले मबाट गल्ती भएको भए कानुन बमोजिम कारबाही भोग्न तयार छु भन्ने वेहोराको प्रतिवादी अजय कुमार रायले मिति २०७६।१०।२८ मा सर्लाही भन्सार कार्यालय मलंगवाका अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

४. तत्काल प्राप्त प्रमाणहरुबाट निज प्रतिवादीहरुले उक्त नगद रुपैया सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९क र सोही ऐनको दफा २९ख बमोजिमको कार्य गरेको होइनन भन्न सक्ने मनासिव आधार नदेखिएको हुदाँ पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी बरामद भएको नगद रुपैया र मालवस्तुको प्रतिवेदन मूल्य रु.१९,१४,५९३।—(उन्नाइस लाख चौध हजार पाँच सय त्रियानब्बे रुपैया) विगो कायम भएको, सोही ऐनको दफा २९घ बमोजिमको कसुर गरेको हुन सक्ने अवस्था भएको हुदाँ ऐ.ऐनको दफा २९ख बमोजिम अग्रिम कारबाहीको लागि प्रतिवादी विनोद पण्डितसंग नगद रु.१४,०७,५७१।—(चौध लाख सात हजार पाँच सय एकहत्तर रुपैया) र कैद वापत रु.९०००।—(नौ हजार रुपैया) गरी जम्मा रु.१४,१६,५७१।—(चौध लाख सोह्र हजार पाँच सय एकहत्तर रुपैया ) नगद धरौटी माग गर्ने र अर्का प्रतिवादी अजय कुमार रायसंग नगद रु.५,०७,०२५।—(पाँच लाख सात हजार पच्चीस) रुपैया र कैद वापत रु.९०००।—(नौ हजार) गरी जम्मा रु.५,१६,०२५।—(पाँच लाख सोह्र हजार पच्चीस) नगद धरौटी माग गर्ने, माग गरेको धरौटी दिए उक्त धरौटी लिई तारेखमा राख्ने माग गरे बमोजिमको धरौटी रकम दिन नसके कानुन बमोजिम सिधा खाना पाउने गरी थुनुवा पूर्जी दिई कारागार कार्यालय जलेश्वर महोत्तरीको थुनामा राखी मुद्दाको कारवाही अघि बढाउने निजहरुबाट बरामदित नेपाली रुपैया धरौटी खातामा आम्दानी बाध्ने र भारतीय रुपैयालाई नेपाल राष्ट्र बैंकमा दाखिला गर्ने भन्ने वेहोराको मिति २०७६।१०।२८ मा सर्लाही भन्सार कार्यालय मलंगवा सर्लाहीबाट भएको थुनछेक आदेश।

५. सर्लाही भन्सार कार्यालय मलंगवाबाट च.नं.४७४ मिति२०७७।०६।१३ मा राय सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय मलंगवा, सर्लाही पठाइएको पत्र वेहोरा।

६. जिल्ला सरकारी वकिल कार्यालय मलंगवा, सर्लाहीबाट च.नं.२१८७ मिति २०७७।११।१७ मा सर्लाही भन्सार कार्यालय मलंगवालाई मोटरसाइकल धनी पत्ता लगाई बयान गराउने, बरामद मोटरसाइकल र मोबाइलको मुल्य खुलाउने र पक्राउ परेका प्रतिवादी मध्ये को कसको साथबाट के कति नगद वा सामान बरामद भएको हो, खुलाउने लगायतका थप अनुसन्धान गर्नुपर्ने हुंदा अनुसन्धानपूर्ण गरी अनुसन्धान प्रतिवेदन पेश गर्न भनि थप अनुसन्धानका लागी सक्कल मिसिल फिर्ता पठाइएको सम्बन्धमा पत्र वेहोरा।

७. प्रतिवादीहरु विनोद पण्डित र अजय कुमार रायको साथबाट लुकाई छिपाई राखेको नेपाली नगद रकम रु.१८,३६,०२५।—(अठार लाख छतिस हजार पच्चीस) रुपैया र भारतीय नगद रकम रु.२,२३०।—(दुई हजार दुई सय तीस) मो.सा.-१ थान,मोबाइल थान-३, समेत नियन्त्रणमा लिई निजहरुले दिएको बयानबाट समेत प्रष्ट हुन आउने देखिंदा उक्त नेपाली नगद रकम रु. .१८,३६,०२५।—(अठार लाख छतिस हजार पच्चीस) रुपैया, भारतीय नगद रकम रु.२२३०।—(दुई हजार दुई सय तीस) ना.२७प ८२३३ नं.को Passion Pro मो.सा.उद्घोषण नगरी भारतको सोनवर्षाबाट लुकाई छिपाई ल्याएकोले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९ख को (१) बमोजिम सोही ऐनको दफा २९घ बमोजिम

कसुर गरेको ठहर्छ भनि सर्लाही भन्सार कार्यालय मलंगवाबाट मिति २०७७।१२।२६ मा भएको निर्णय।

८. म प्रतिवादी विनोद पण्डित सर्लाही जिल्लाको सलिमपुर अगरवा र मलंगवाबाट सहकारी संस्थाको पैसा उठाई सर्लाही जिल्लाकै त्रिभुवन नगर र भारतको सोनवर्षा भन्ने ठाँउमा सहकारीको पैसा उठाई ल्याउने क्रममा पक्राउ परेको,मेरो एकासगोलका श्रीमती रिन्कु कुमारी देवी पण्डित सहारा मल्टिपर्पस को- अपरेटिभ अफिसर रहेको र मसमेत त्यही मल्टिपर्पस सहकारी संस्थाको को अपरेटिभ अफिसर भइ काम गरेको , संस्थाको पैसा उठाउने पैसा उठाइ साथमा जम्मा गर्न गईरहेको पैसालाई सम्पत्ती शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९ख को (१) बमोजिम उद्धोषण गरेको देखिएन भनि सजाय गर्नु र मेरो साथमा रहेको रकम जफत गर्नु, जरिवाना गर्न, कानुन तथा प्रमाण विपरित छ। म प्रतिवादी अजय कुमार रायले सर्लाही जिल्लाकै मोहनपुर किसननगर श्रीनगरबाट उखुको पैसा उठाई नजिकै रहेको सोनवर्षाबाट मुलाको बिउ किनी विनोद पण्डित संगै बाइकमा आउदै गर्दा समातेको हो।हामीले कुनै अपराध नगरेको, दैनिक पैसा उठाउदा जम्मा भएको पैसा हो भनि बयान गरिरहेको अवस्थामा संस्थाको पैसा समात्ने थुन्ने मोटरसाइकल समेत जफत गर्ने कार्य कानून विपरित भएकोले शूरु कार्यालयबाट गरेको निर्णय बदर गरी सफाई पाँउ भन्ने वेहोराको प्रतिवादीद्वय विनोद पण्डित र अजय कुमार रायले मिति २०७८।४।१४ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

९. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४० (३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।१०।२१ को यस न्यायाधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीद्वयका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव यादव र विद्वान अधिवक्ता श्री राजन प्रसाद दाहालले यी प्रतिवादी विनोद पण्डित साहारा मल्टिपर्पोज सहकारी संस्थाको को- अपरेटिभ अफिसर भई पैसा लिएर आउने क्रममा पक्राउ परेको, अर्का प्रतिवादी अजय कुमार राय उखुको पैसा उठाई नजिकै रहेको सोनवर्षाबाट मुलाको बिउ किनी विनोद पण्डित संगै बाइकमा आउदै गर्दा निजहरुलाई पक्राउ गरी सरकारी वकिलको राय समेत नबुझि, अभियोग पत्र दायर नै नभई हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको शुरु कार्यालयको निर्णय बदरभागी छ। बदर गरी निजहरुले सफाई पाउनुपर्छ भनि गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले प्रतिवादीहरुले भंसार घोषणा नगरी लुकीछुपी कारोबार गरेको देखिन्छ।सहकारीको रकम भए व्यक्तिले दाखिला गरेको रकमको विवरण पनि पेश गरिएको छैन।भंसारमा घोषणा नगरिकन गरिएको कार्य कानुन

विपरित कसुर गरेको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१२. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायीहरु तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकीरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु भन्सार कार्यालय मलंगवाको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरु विनोद पण्डित र अजय कुमार राय उपर सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९ख र सोही ऐनको दफा २९घ बमोजिम भन्सारमा घोषणा नगरी रकम ल्याएकोले पक्राउ गरी पेश गरेको भन्ने स.प्र.नि. भन्ने संजित कुमार सिंह समेतको मिति २०७६।१०।२६ को प्रतिवेदन मिसिल संलग्न देखियो।यी प्रतिवादीहरु मिति २०७६।१०।२५ गते अ.१४:४५ बजको समयमा सर्लाही जिल्लाको लच्का दशगजा क्षेत्रमा भारतबाट अवैध रुपमा लुकाइ छिपाई ल्याएको नगद रकम ने. रु.१८,३६,०२५।-,भा.रु.२२३०।—र ना.२७.प ८२३३ नं.को मोटरसाइकल सहित निजले प्रयोग गरेको मोबाइल थान ३ समेत आवश्यक कारबाहीका लागि सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश मलंगवाले मिति २०७६।१०।२६ मा बरामदी/खानतलासी मुचुल्का तयार गरी मुद्दाको उठान भएको देखिन आयो।मौकामा तहकिकात अधिकृत समक्ष बयान गर्दा प्रतिवादी विनोद पण्डित आफू सहकारी संस्थाको पैसा उठाई सर्लाही जिल्लाकै त्रिभुवननगर र भारतको सोनवर्षा भन्ने ठाँउमा गई नेपाली पैसा उठाई ल्याउने क्रममा पक्राउ गरेको उक्त नेपाली पैसा सहारा मल्टिपर्पस सहकारी संस्था मलंगवा सर्लाहीमा जम्मा गर्न लाने क्रममा नेपाली रुपैया रु.१३,३४,०००।—(तेह्र लाख चौतिस हजार रुपैया) र भारतीय रुपैया २२३०।—(बाइस सय तीस) पैसा सहित ना.२७ प ८२३३ नं.को मोटरसाइकल समेत कब्जा गरेको भन्ने र अर्का प्रतिवादी अजय कुमार रायले आफु उखुको पैसा उठाई नजिकै रहेको सोनवर्षाबाट मुलाको बिउ किनी विनोद पण्डित संगै बाइकमा आउदै गर्दा निजलाई पक्राउ गरेको र आफुहरुलाई राष्ट्र बैंकले तोकेको पैसा सिमा र नियमानुसार उद्घोषण गर्नुपर्ने कुरा पनि थाहा नभएको हुंदा म बाट कुनै गल्ती भएको भए नियमानुसार कारबाही भोग्न तयार छु भनि व्यहोरा उल्लेख गरेको पाइयो।

१४. तत्पश्चात् शुरु कार्यालयबाट पुनरावेदक प्रतिवादीहरु उपर सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९क, २९ख, २९घ को साथै भन्सार ऐन,२०६४ को दफा ५७(१)(ग) बमोजिमको कसुरमा मुद्दा दायर गर्न मिति २०७७।११।३ मा सम्बन्धित सरकारी वकिलको रायको लागि लेखी पठाएकोमा जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीको जिल्ला न्यायाधिवक्ताले मिति २०७७।११।१७ मा विभिन्न विषय खुलाई थप अनुसन्धान पूर्ण गरी अनुसन्धान प्रतिवेदन सहित पेश गर्न निर्देशन दिएको मिसिल संलग्न मिति २०७७।११।१७ को पत्रबाट देखिन आयो।

१५.	भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (४) मा अनुसन्धान अधिकृतले अनुसन्धान तहकिकातको काम शुरु भएको पच्चीस दिन भित्र अनुसन्धान सम्पन्न गरी दफा ५७ को उपदफा (१ग) र (१घ) बमोजिम सजाय हुने मुद्दाको हकमा सरकारी वकिलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्ने छ भन्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरुबाट नेपाली रुपैया रु.१८,३६,०२५।- सहित बरामद भई मिति २०७६।१०।२६ मा पक्राउ परी अनुसन्धान प्रारम्भ भएको, भन्सारको कुनै कर्मचारीलाई भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (१) बमोजिम अनुसन्धान अधिकृत तोकेको मिसिलबाट नदेखिएको, नायब सुब्बा श्री कृष्णदेव यादवले अनुसन्धान प्रतिवेदन तयार गरी रायको लागि मिति २०७७।११।०३ मा जिल्ला सरकारी कार्यालयमा रायको लागि पेश भएकोमा बरामद भएको ना.२७.प ८२३३(**Passion Pro**) **Red** मोटरसाइकलको धनी पत्ता लगाई बयान गराउने, बरामद मोटरसाइकल र मोबाइलको हालको बजार मुल्य खुलाउने र पक्राउ परेका प्रतिवादीहरु को कसको साथबाट के कति रकम, नगद वा सामान बरामद भएको को खुलाउने लगायतका थप अनुसन्धान गर्नुपर्ने देखिएकोले अनुसन्धान पूर्ण गरी अनुसन्धान प्रतिवेदन पेश गर्नु भनि मिति २०७७।११।१७ मा फाइल फिर्ता भएको देखिन्छ। त्यसपछि थप अनुसन्धान गरेको, अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पेश गरेको, निजको राय बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष भन्सार ऐन, २०६४ को दफा ६०ख.(४) बमोजिम मुद्दा दायर भएको मिसिलबाट देखिन आउदैन।

१६.	प्रतिवादीहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९क. बमोजिम भन्सारमा उद्घोषणा नगरी रकम विदेशबाट ल्याएको भन्ने मिति २०७७।११।०३ को अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको पृष्ठभुमिमा बरामद मालवस्तु भन्सार ऐन बमोजिमकै मालवस्तु मानिने र त्यस्तो उद्घोषणा उपरको कानुनी कारबाही भन्सार सम्बन्धी प्रचलित कानुन बमोजिम हुने व्यवस्था सोही ऐनको दफा २९घ. मा रहेको तथा भन्सार ऐन, २०६४ को दफा ६०क. बमोजिम नेपाल सरकारवादी हुने मुद्दामा अनुसन्धान, मुद्दा दायरी र मुद्दाको कारबाही गर्दा भन्सार अधिकृतलाई शुरु अदालतलाई भए सरहको अधिकार हुने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ८६ ले गरेको पाइयो।

१७.	यसरी भन्सार ऐन,२०६४ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने सम्बन्धीत सरकारी वकिलको राय, सो बमोजिम मुद्दाको दायरी गरी मुद्दा हेर्ने अधिकारीले प्रतिवादीहरुको बयान लिने लगायतको प्रमाण बुझ्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया (**due process of law**) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा प्रस्तुत मुद्दामा सो केही गरेको नदेखिंदा कानुनी प्रक्रिया पालना नगरी भएको शुरु सर्लाही भन्सार कार्यालयको मिति २०७७।१२।२६ को निर्णयलाई न्यायोचित र कानुन सम्मत मान्न नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो।

१८.	यस स्थितिमा अब प्रतिवादीहरुबाट को कस्को साथबाट के कत्ति रकम बरामद भएको हो, बरामद भएको मोटरसाइकल धनी को हो, निजको जानकारीमा प्रयोग गरेको हो वा थाहा जानकारी नदिइ प्रयोग गरेको के हो? बरामद भएको मोटरसाइकल र मोबाइलको मुल्य कति

पर्छ? सो जफत हुनुपर्ने हो वा होइन भन्ने प्रमुख कानुनी र तथ्यगत प्रश्नको सम्बन्धमा अनुसन्धान पूर्ण गरी सरकारी वकिलको राय लिई सरकारी वकिलबाट मुद्दा दायर गर्ने राय प्राप्त भएमा मात्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गरी प्रतिवादीहरुको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानुनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निश्पक्ष रुपमा कारबाही र सुनुवाई गरी पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ (१) (घ) बमोजिम शुरु सर्लाही भन्सार कार्यालय मलंगवामा मिसिल पठाउनु पर्ने हुन आयो।

१९. तसर्थ माथि विवेचित आधार र कारणबाट शुरु कार्यालयबाट पुनरावेदक प्रतिवादीहरु उपर सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९क, २९ख, २९घ को साथै भन्सार ऐन, २०६४ को दफा ५७ (१) (ग) बमोजिमको कसुरमा मुद्दा दायर गर्न मिति २०७७।११।०३ मा सम्बन्धित सरकारी वकिलको रायको लागि लेखी पठाएकोमा जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीको जिल्ला न्यायाधिवक्ताले मिति २०७७।११।१७ मा विभिन्न विषय खुलाई थप अनुसन्धान पूर्ण गरी अनुसन्धान प्रतिवेदन सहित पेश गर्न निर्देशन दिएकोमा सो बमोजिम अनुसन्धान प्रतिवेदन पेश गरी सरकारी वकिलबाट राय प्राप्त गरी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएको अभियोग पत्र नै मिसिल संलग्न नदेखिंदा स्पष्ट अभियोग दावी विना प्रतिवादीहरुको मुद्दा हेर्ने अधिकारी समक्ष बयान लिई निजहरुले पेश गरेको प्रमाण समेत बुझि फैसला गर्नुपर्नेमा कानुनको उचित प्रक्रिया पुरा नगरी भएको शुरु फैसलामा भन्सार ऐन, २०६४ को दफा ६०ख. र दफा ८६ को गम्भिर त्रुटी विद्यमान देखिंदा सर्लाही भन्सार कार्यालय मलंगवाका भन्सार अधिकृतबाट मिति २०७७।१२।२६ मा भएको फैसला बदर भई उल्टी हुने ठहर्छ। अब सम्बन्धित सरकारी वकिलको राय लिई कानुन बमोजिम मुद्दा दायर गर्नुपर्ने भएमा मुद्दा दायर गरी प्रतिवादीहरुको बयान लिने र प्रमाण पेश गराउने लगायतको अन्य जो-जे बुझ्नुपर्छ बुझी कानुन बमोजिम पुनः मुद्दाको कारबाही र किनारा गर्नु भनि यस न्यायाधिकरणमा तारेखमा रहेका पुनरावेदक प्रतिवादीहरुलाई सर्लाही भन्सार कार्यालय मलंगवाको तारेख तोकी मिसिल समेत राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम सर्लाही भन्सार कार्यालय मलंगवा पठाईदिने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु सर्लाही भन्सार कार्यालय मलंगवाबाट मिति २०७७/१२/२६ मा भएको निर्णय बदर भएकोले अब जो जे बुझ्नु पर्छ बुझी कानुन बमोजिम पुनः मुद्दाको कारबाही सुनुवाई र किनारा गर्नु भनी पुनरावेदक प्रतिवादीहरुलाई सर्लाही भन्सार कार्यालय मलंगवाको तारेख तोकी फैसला सहितको शुरु मिसिल समेत सर्लाही भन्सार कार्यालय, मलंगवामा पठाई दिनू.......................................................................१

माथी ठहर खण्डमा लेखिए बमोजिम शुरु फैसला बदर भएकोले फैसलाको तपसिल खण्डमा लेखिएको जरिवाना सदर स्याहा गर्ने र मोबाइल तथा मोटरसाइकल लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नु भनि शुरु सर्लाही भन्सार कार्यालयलाई लेखि पठाइदिनू.............................२

यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पठाइदिनु..........................................................................................३
प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ........................................................................................३
सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू...................................................................................................४

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः सनिता लामा

इति सम्बत २०७९ साल जेठ २६ गते रोज ५ शुभम.........................................................

फैसला प्रमाणिकरण मितिः
न्यायाधिकरणको छापः